घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशीत

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक २९ | २०७६ फाल्गुन २ गते, शुक्रबार |
|---|---|---|---|

**घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।१०।२५ मा स्वीकृत भएको घोडाघोडी नगर एफ.एम. रेडियो सञ्चालन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनीक जानकारीका लागी प्रकासन गरिएको छ ।**

**प्रस्तावना** :

नेपालको संविधानको भाग ३ मा व्यवस्था गरिएको मौलिक हक अन्तर्गत धारा १९ मा सञ्चारको हकको व्यवस्था उल्लेख भएको छ, त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १० (ग) मा एफ.एम. रेडियो सञ्चालन गर्ने अधिकार स्थानीय तहमा रहेकोले यस नगरपालिकाबाट भए गरेका कार्यक्रमहरुको जानकारी तथा सुचना आमनागरिकहरुमा पुऱ्याई सुचनाको हकको प्रत्याभुती गराउन यो कार्यविधि वनाउन वाञ्छनीय भएकोले घोडाघोडी नगरपालिकाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **घोडाघोडी नगर एफ.एम. रेडियो सञ्चालन कार्यविधि २०७६** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "कार्यकारी अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "बिषयगत शाखा" भन्नाले घोडाघोडी नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा वा इकाईलाई सम्झनुपर्छ ।

घोडाघोडी स्थानीय राजपत्र

(ज) "वडा सचिव" भन्नाले वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न जिम्मेवारी तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले घोडाघोडी नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

(ट) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ ।

(ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्तप्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

– डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,

– रेडियो ट्रान्समिटर

(ड) "एफ.एम. रेडियो" भन्नाले नगरपालिकाले सञ्चालन गरेको घोडाघोडी नगर एफ.एम. रेडियोलाई सम्झनु पर्दछ ।

**३. लोगो** : घोडाघोडी नगर एफ.एम. रेडियोको लागि अनुसुचि १ मा उल्लेख गरिए बमोजिमको लोगो रहने छ ।

**४. कार्यालय :** एफ.एम. रेडियो संचालनको लागि घोडाघोडी नगरपालिकाको वडा नं १ मा यसको एउटा आफ्नो छुट्टै कार्यालय रहनेछ ।

**५. प्रशारण गर्न हुने** : यस नगरपालिकाको स्वामित्वमा सञ्चालन हुने नगर एफ.एम. को कार्य क्षेत्र यसै कार्य विधिको अनुसुचि २ मा उल्लेख गरिए बमोजिमको रहनेछ । :

**६. प्रशारण गर्न नहुने** : एफ.एम. रेडियोले अनुसुची ३ बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्ने छैन ।

**७. कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा संञ्चालक समितिको सिफारिसमा नगरकार्यपालिकामा पेश गरी संशोधन गर्नुपर्ने छ ।

**८. एफ.एम.रेडियो संचालक समिति :**

अध्यक्ष :

सदस्य :

सदस्य :

सदस्य :

सदस्य :

घोडाघोडी स्थानीय राजपत्र

सदस्य :

सदस्य सचिव :

**९) संचालक समितिको गठन प्रकृया :**

क) रेडियो संचालक समिति ७ सदस्यीय हुनेछ ।

ख) संचालक समितिको अध्यक्ष नगर प्रमुख हुने छन् ।

ग) अध्यक्षको सिफारिसमा १ जना सदस्य थप गरिने ।

घ) कार्यकारी निर्देशक र स्टेशन म्यानेजर संचालक समितिको सदस्य रहने छन् ।

ङ) एक जना आदीवासी जनजाती दलित महिलाबाट समेटिनेछन् ।

च) समितिले छनोट गरेका एक जना वडा अध्यक्ष रहनेछन् ।

छ) नगरपालिकाका कार्यकारी अधिकृत सदस्य सचिव रहनेछन् ।

**१०. एफ.एम रेडियो सञ्चालक समितिको बैठकः** (१) एफ.एम. रेडियो सञ्चालक समितिको बैठक कम्तिमा मासिक रुपमा बस्नेछ । साथै आवश्यक परेको खण्डमा जुनसुकै समयमै बस्नु पर्नेछ ।

(२) समितिको बैठक भत्ता नगरकार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**११) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षले विषय विज्ञताको आधारमा कम्तीमा १० वर्ष पत्रकारीतामा काम गरेको रेडियो संग सम्बन्धीत व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्ने ।

ख) सञ्चालक समितिले कम्तीमा १० वर्ष पत्रकारीता गरेको रेडियो संग सम्बन्धीत व्यक्तिलाई स्टेशन म्यानेजरको रुपमा नियुक्त गर्नेछन् ।

ग) स्टेशन म्यानेजर र कार्यकारी निर्देशकबाट आएको सुझाव कार्यान्वयन गर्ने ।

घ) रेडीयोलाई प्रभावकारी ,गुणस्तरीयता र विश्वासनियता वनाउनको लागि योजना तयार गर्ने र लागु गर्ने ।

ङ) कर्मचारी नियुक्त गर्ने, पद बढुवा वा सेवा सुविधा थप घट गर्ने ।

च) खाता संचालनको अधिकार अध्यक्षले तोकेको एक जना कर्मचारी र सञ्चालक समितिले नियुक्ति गरेको लेखापालको सयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**१२) कर्मचारीको विवरण :**

क) कार्यकारी निर्देशक

ख) स्टेसन म्यानेजर

ग) समाचार प्रमुख

घ) लेखा प्रमुख

ङ) बजार व्यवस्थापक

च) प्राविधिक प्रमुख

ज) समाचार प्रमुख सहित शाखामा कम्तीमा ३ जना सदस्य रहनेछन् ।

झ) वजार व्यवस्थापनमा प्रमुख सहित ३ सदस्य रहने छन् ।

ञ) प्राविधिक टोलीमा प्रमुख सहित ३ जना रहनेछन् ।

ठ) कार्यालय सहयोगी २ जना

ड) रिसेप्सन १ जना

ढ) एफ.एम. रेडियो क्षमता र आवश्यकता अनुसार संचालक समितिले कर्मचारी दरवन्दी हेरफेर गर्न सक्नेछ ।

**१३) कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार :**

क) सञ्चालक समिति र रेडियो विच समन्वयात्मक भुमीका निर्वाह गर्ने ।

ख) तिनै तहको सरकार संग रेडियोलाई प्रभावकारी गुणस्तरीय र विश्वासनिय बनाउनको लागि योजना पेश गर्ने ।

ग) कर्मचारीको व्यवस्थापन , मुल्याङ्कन र सेवा सुविधाको बारेमा सञ्चालक समितिलाई सिफारिस गर्न स्टेसन म्यानेजर संग समन्वय गर्ने ।

घ) एफ.एम. रेडियोलाई प्रभावकारी एवम् विश्वासनिय रुपमा संचालन गर्न आवश्यक भुमिका निर्वाह गर्ने ।

**१४) स्टेसन म्यानेजरको काम, कर्तव्य र अधिकार :**

क) रेडियोलाई प्रभावकारी गुणस्तरीय र विश्वासनिय बनाउनको लागि योजना तयार गर्ने ।

ख) कर्मचारीको व्यवस्थापन , मुल्याङ्कन र सेवा सुविधाको बारेमा कार्यकारी निर्देशक संग समन्वय गरेर समितिलाई सिफारिस गर्ने ।

ग) रेडियोलाई आवश्यक पर्ने उपकरण खरिदको लागि कार्यकारी निर्देशक संग समन्वय गरी संचालक समितिमा पेश गर्ने ।

घ) एफ.एम. रेडियोलाई प्रभावकारी एवम् विश्वासनिय रुपमा संचालन गर्न आवश्यक भुमिका निर्वाह गर्ने ।

**१५) कर्मचारी नियुक्ति प्रक्रिया :**

क) सेवा खरिद अन्तर्गत कर्मचारी घटाघटीमा नियुक्ति गरिनेछ ।

ख) रेडियो कर्मचारीको विषयमा कुनै पनि अभियोग लागेको अवस्थामा अभियोग प्रमाणित भए पश्चात कर्मचारीलाई सेवा दिनबाट बञ्चित गरिनेछ ।

**१६) आर्थिक स्रोत :**

क) सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग नगर क्षेत्रमा भै रहेका गतिविधी बारे आम नागरिकलाई जानकारी दिने उद्देश्यले सुचना सन्देश र कार्यक्रम तयार गर्न प्रस्ताव पेश गरिनेछ ।

ख) नगरपालिकाबाट निश्चित रकम अनुदान दिईनेछ ।

ग) रेडियोलाई व्यावसायीकरण ढंङ्गले अगाडी बढाउने उद्देश्यले व्यवसायीक विज्ञापन पनि प्रसारण गरिनेछ ।

घ) निजी विद्यालय, उद्योग, कारखाना, सामुदायीक वन, उद्योग वाणिज्य संघ लगाएत संग सुचना विज्ञापन तथा कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने ।

**१७) <u>नियमन तथा नियन्त्रण :</u>**

क) दफा ६ मा उल्लेखित प्रतिवद्धात्मक समाचार तथा सुचना प्रसारण गरेको पाईएमा सो को सम्पुर्ण जवाफदेहीता  स्टेसन म्यानेजर र कार्यकारी निर्देशकको रहनेछ ।

ख) सञ्चालक समितिले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र सो को कार्यान्वय गर्न कार्यकारी निर्देशकको कर्तव्य हुनेछ । तर उक्त निर्देशन नियमको परिधि भित्र रहको हुनु पर्नेछ ।

ग) एफ.एम. रेडियोलाई व्यवसायीक रुपमा संचालन गरी क्रमशः स्वाबलम्वन गरिनेछ ।

घ) एफ.एम. रेडियो सञ्चालन गर्ने कार्यमा कुनै व्यक्ति वा संस्थाले लगानी गरी संचालकको रुपमा **(Shar Holder )** रहने व्यवस्था गर्न सकिनेछ ।

ङ) कुनै पनि कार्यरत कर्मचारीको लापरबाही वा जानाजान गरेको गल्तीका कारण कुनै हानी नोक्सानी भएमा त्यस्तो लापरबाही वा गल्ती गर्ने कर्मचारीबाट भएको सम्पुर्ण हानी नोक्सानी सरकारी विगो सरह असुल उपर गरिनेछ ।

च) कुनै पनि संघ सस्था वा व्यक्तिले आवश्यक सुचना प्रसारण गर्न लगाई नियमानुसारको शुल्क तिर्न आनाकानी गरेमा वा नतिरेमा त्यस्तो संघ सस्था वा व्यक्तिलाई कालो सुचिमा समावेश गरी असुल उपर गर्नको लागि संचालक समिति मार्फत नगरकार्यपालिका मार्फत् कारवाहीको प्रक्रिया अगाडी बढाईने छ ।

**<u>१८) अन्य :</u>** यस कार्यविधिमा एफ.एम. रेडियो संचालनको लागि उल्लेख भए बाहेकका विषयमा कानुन बमोजिम हुनेछ ।

## अनुसुचि -१

## अनुसुची -२

(क) एफ .एम रेडियोले प्रशारण गर्ने समाचार तथा सुचना कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्यतथ्य प्रशारण गर्नुपर्नेछ ।

(ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

(ग) समाचार सुचना प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रशारण गर्न पाईनेछ ।

घोडाघोडी राजपत्र

(घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी शुल्क लिन पाइने छैन ।

(ड.) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

(च ) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने छ ।

ट) यस घोडाघोडी नगरपालिकाबाट सम्पादीत कार्यहरुको प्रसारण नियमित रुपमा गर्नु पर्ने छ । सो को समय सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ठ) प्रचलित ऐन कानुनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

## अनुसुची ३

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने ।

(च) सामाजिक विकृती फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगर सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**

घोडाघोडी स्थानीय राजपत्र